नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9808835198

9807170995

9803474311

9854028218

## विधेयक पारित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाबाट स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतले पारित भएको छ । विधेययकमाथि छलफलक्रममा उठेको प्रश्नहरुको जवाफ दिँदै मुख्यमन्त्री सतिश कुमार सिंहले ऐनमा देखिएका कमीकमजोरीका विषयमा प्रदेश सभाका सदस्यहरुले राखेको रायलाई सरकारले आत्मसात् गरेर अगाडि जाने बताए । उनले कुनै पनि कर्मचारीसँग अन्याय नहुने गरी देखिएको त्रुटिलाई समेत ऐनमा आएको सुझावलाई थप परिमार्जन गरिने जानकारी दिए ।

सिंहले ऐनले कर्मचारीहरुलाई काम गर्न ऊर्जा प्रदान गर्ने बताए । छलफलक्रममा मालाकुमारी कर्ण, मो.समिर, देवनारायण चौधरी, राजेन्द्र चौधरी, श्यामप्रसाद पटेललगायतले विधेयकमा विभिन्न सुझाव दिएका थिए ।

● वर्ष २ ● अंक २५९ ● २०८१ साल श्रावण २३ गते बुधबार ● Wednesday 07, August 2024 ● सूर्योदय: बिहान ५:३३ बजे ● सूर्यास्त: साँझ ६:४९ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## बेपत्ता बसमा सवारका परिवारलाई दुई लाख सिफारिस

*विपद् पीडित उद्धार तथा राहतसम्बन्धी मापदण्ड–२०७७ मा परिवारको एकजनाको मृत्यु भए २ लाख र सोही परिवारमा अन्य व्यक्तिको पनि मृत्यु भए थप १ लाख रुपैयाँका दरले राहत दिने प्रावधान छ ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
असार २८ गते काठमाडौँबाट गौरका लागि छुटेको र वीरगंजबाट काठमाडौँका लागि छुटेको दुई बस त्रिशुलीमा बग्दा परेकाहरुको परिवारलाई दुई लाख रुपैयाँ प्रदान गर्न सिफारिस भएको छ । बागमती प्रदेश–०३–००१ ख २४९५ नम्बरको गणपति र बागमती प्रदेश–०३–००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस त्रिशूलीमा खसेर बेपत्ता भएका थिए । दुवै बस र ४० यालुको अवस्था अझै अज्ञात छ । बसमा सवार २५ जनाको शव भेटिएको छ ।

चितवनको भरतपुर महानगरपालिका–२९ स्थित सिमलताल दुर्घटनामा लेदोसहितको पहिरोले दुई बस बगाएर त्रिशुलीमा पुऱ्याएको थियो । बस दुर्घटनामा ज्यान गुमाएका र बेपत्ता भएकाहरूको परिवारलाई २ लाख रुपैयाँका दरले राहत दिन सिफारिस भएको हो । सहसचिव छवि रिजाल नेतृत्वको कार्यदलले मंगलबार गृहमन्त्री रमेश लेखकलाई प्रतिवेदन बुझाउँदै बेपत्ता भएकाहरूको परिवारलाई पनि मृतक सरह राहत दिन सिफारिस गरेको छ ।

प्राकृतिक प्रकोपकै कारण सिमलतालमा दुई वटा बस दुर्घटना भएको निष्कर्ष निकाल्दै कार्यदलले बेपत्ता परिवारलाई मापदण्डअनुसार राहत दिन सिफारिस गरेको हो । सनाखत भएका १९ र बेपत्ता ४० पीडितको घर ठेगानामा जिल्ला प्रशासन कार्यालयबाट राहत दिनुपर्ने कार्यदलले सिफारिस गरेको छ ।

सिमलताल माथिको पहाडी क्षेत्रमा निर्माण भएको (सिमलताल–बाङ्गेसाल–डुम्रे गाउँ) सडक बनाउँदा भएको कमजोरीका कारण दुईवटा डिलक्स बस त्रिशुलीमा खसेको निष्कर्ष पनि निकालिएको छ ।

कमजोर भूगोल तथा अत्यधिक क्रस स्लोप भएको र इन्जिनियरिङ डिजाइन विनाको सडक बनाउँदा बर्सातमा असर परेको हो ।

यस्तै, बगेको डेब्रिजको प्रेसर चेक ड्याम र ग्याबिन वालले धान्न नसकेपछि बाढीसँगै आएको लेदो, गेग्रान र डेब्रिजले सडक क्रस गर्दै गरेका दुईवटा बस त्रिशुलीमा खसालेको कार्यदलको निष्कर्ष छ ।

असार ३१ गते गृहमन्त्री लेखकले कार्यदल बनाएका हुन् ।

### मृतक चालकलाई राष्ट्रिय सम्मान

नारायणगढ–मुग्लिङ सडकखण्डको १७ किलोमा माथिबाट पहिरो खस्दा ढुङ्गो लागेर ज्यान गुमाएका बस चालकलाई राष्ट्रिय सम्मानका लागि सिफारिस भएको छ । सिमताल दुर्घटनाबारे अध्ययन गर्न गठित कार्यदलले लु२ख ६५६६ नम्बरको बसका चालक मेगनाथ विकलाई 'मरणोपरान्त सम्मान' गर्न सिफारिस गरेको हो । असार २८ गते बुटवलबाट बस चलाएर काठमाडौँ जाँदै गरेका ३६ वर्षीय बिक भरतपुर–२९ स्थित १७ किलोमा माथिबाट आएको ढुङ्गाले लागेर घाइते भए । उपचारको क्रममा उनको मृत्यु भएको थियो । नवलपरासी सुनवल नगरपालिका–४ घर भएका विकले कुशलतापूर्वक बस नदीमा खस्नबाट जोगाई ३० जना यालुको जीवन बचाउन सफल भएको कार्यदलको निष्कर्ष छ ।

## मुख्यमन्त्री–प्रधानमन्त्री भेट

## मधेशका २२ बुँदे मागमा साथसहयोगको अपेक्षा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटेर प्रदेशको समुन्नतिका लागि प्रदेश सरकारले अघि सारेका कार्ययोजना कार्यान्वयनमा सहयोग गर्न आग्रह गरेका छन् । २२ बुँदामा समेटिएको पत्रमार्फत मुख्यमन्त्री सिंहले प्रदेश विकासमा दीर्घकालीन र सकारात्मक योगदान पुग्ने योजना प्रधानमन्त्री ओलीसमक्ष प्रस्तुत गरे ।

पत्रमा जानकी मन्दिर विकास कोष स्थापना तथा जानकी मन्दिर, राम मन्दिर प्राङ्गण सौन्दर्यीकरण, हुलाकी राजमार्गअन्तर्गत कमला पुललगायत अन्य पुल निर्माण पूरा गरी हुलाकी राजमार्गको कार्यको शीघ्र सम्पन्नता, निर्माणाधीन पूर्वपश्चिम रेलमार्गको प्रदेशका प्रमुख शहरसँग सम्पर्कको व्यवस्था, जनकपुर जयनगर रेल्वे यातायातमा मालबाहक सेवाका लागि मालवाहक रेलको व्यवस्था गर्न अपिल गरिएको छ । यस्तै, जनकपुरधामस्थित–१२ बिघा (रङ्गभूमि)लाई सुव्यवस्थित गर्न आवश्यक पहल, मधेश प्रदेशका आठवटै जिल्ला भारतीय नाकासँग जोडिएको हुनाले पर्यटक भित्र्याउन पर्यटकीय करिडोर निर्माण र कमला नदीको बगरमा बगरखेतीका लागि आवश्यक आधुनिक प्रविधि तथा स्रोतसाधनमा सहयोगको अपेक्षा गरिएको छ ।

यसैगरी, भारतीय रेल नेटवर्कसँग जोडिएका दुईवटा शहर जनकपुर र वीरगंजमा व्यापारका लागि आवश्यक स्रोतसाधनको प्रबन्ध, कृषि अनुदान कृषकको खातामा सिधै जानुपर्ने व्यवस्था, प्रदेशस्तरमा व्यापार तथा निर्यात केन्द्र सञ्चालन, बारा तथा पर्सामा औद्योगिक करिडोर कार्यान्वयनबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको छ । हरेक जिल्लामा औद्योगिक क्षेत्र निर्माण, मधेश प्रदेशमा आइटी पार्क निर्माण, वीरगंज ड्राइपोर्टको क्षमता अभिवृद्धि, लजिस्टिक कस्ट कम गर्न सिपिङ कम्पनी तथा पोर्ट अपरेटर दर्ता प्रक्रिया अघि बढाउन पनि ध्यानाकर्षण गराइएको छ । यस्तै, कस्टम प्वाइन्ट डिएफ मनी एक्सचेन्ज काउन्टर, रेट डिस्प्ले, टुरिज्म इन्फरमेसन, भ्याट रिफन्ड सेन्टर, टिफ इजी रेस्टुरेन्ट व्यवस्था, भारतीय पर्यटकलाई पच्चीस हजार रुपैयाँ मात्र नगद ल्याउने सुविधा बढाएर दुईलाख भारतीय रुपैयाँ ल्याउन अनुमति प्रदानलगायतका विषय समाविष्ट छन् ।

त्यस्तै, भारतीय पर्यटकले प्रयोग गर्ने भारतीय नम्बरको सवारीसाधनलाई दिइने इजाजतको सुविधा अनलाइनमार्फत गर्न आवश्यक व्यवस्था, ट्रेड एन्ड एक्सपोर्ट काउन्सिलका एकाइलाई प्रदेशस्तरमा कार्य गर्न आवश्यक व्यवस्थाबारे पनि प्रधानमन्त्रीलाई जानकारी गराइएको छ । यस्तै, श्रम अदालतको सेवा विस्तार, राजविराज विमानस्थलबाट माउन्टेन फ्लाइट १० मिनेट लाग्ने हुँदा माउन्टेन फ्लाइट सञ्चालन र जीटुजीमार्फत सिमेन्ट कम्पनीले भारतको मार्केटमा पहुँच पुर्याउन संघीय सरकारबाट आवश्यक पहल हुनुपर्ने मुख्यमन्त्री सिंहले प्रधानमन्त्री ओलीलाई बुझाएको पत्रमा उल्लेख छ ।

## 'आजको काम आजै' सकाउन निर्देशन

*मधेश प्रदेशका १२ मन्त्रालयको वेबसाइट अपडेट छैनन्, कर्मचारीहरुको सम्पर्क नम्बर लुकाइएको छ*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले आजको काम आजै गर्न कर्मचारीहरुलाई निर्देशन दिएका छन् । मधेशमा कामकाजमा हेलचेक्र्याइँ भइरहेको जनगुनासो बढ्दै जाँदा मुख्यमन्त्री सिंहले कर्मचारीलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न निर्देशन दिएका हुन् ।

मधेश प्रदेश सरकारको पेफा मूल्यांकनसम्बन्धी प्रारम्भिक कार्यशाला–२०८१ लाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले कर्मचारीहरुलाई कार्य सम्पादनमा ध्यान दिन जरुरी रहेको बताए । 'मधेशको आउटपुट काठमाडौँले हेरिरहेको छ,' उनले भने, 'सरकारले नीति ल्याउने हो, काम भने कर्मचारीलेनै गर्ने हो ।' अर्थ मन्त्रालयले मुजेलियामा गरेको कार्यशालामा उनले




सरकारलाई सफल बनाउने जिम्मा कर्मचारीमा निर्भर रहेकाले यसतर्फ दत्तचित्त भई अघि बढ्न सचिवहरुलाई समेत निर्देशन दिए । 'मधेश प्रदेशका १२ मन्त्रालयको वेबसाइट अपडेट छैनन्, कर्मचारीहरुको सम्पर्क नम्बर लुकाइएको छ,' मुख्यमन्त्री सिंहले भने, 'मन्त्रालयका सचिव र सूचना अधिकारीले यसतर्फ गम्भीर भएर अघि बढनुपर्छ, आफ्नो दायित्व पूरा गर्नुस् ।' अर्थमन्त्री सुनिल कुमार यादवको अध्यक्षतामा भएको कार्यशालामा मुख्यमन्त्री सिंहले कार्य सम्पादनमा ढिलासुस्ती नगर्न सचिवहरुलाई निर्देशन दिएका हुन् ।

## मधेशमा मन्त्रिपरिषद् विस्तार ५ राज्यमन्त्री थपिए




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मंगलबार थप ५ राज्यमन्त्री नियुक्त गरेका छन् ।

उनले नेपाली कांग्रेसबाट २, जनमत, नेकपा एमाले र लोकतान्त्रिक समाजवादी पार्टीबाट १–१ जना गरी पाँच राज्यमन्त्री नियुक्त गरेका हुन् । एमालेबाट भौतिक पूर्वाधार विकास राज्यमन्त्री मा मोहम्मद जयद आलम, कांग्रेससबाट भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्रीमा रेखा ठाकुर, उर्जा सिंचाइ सरसफाइ तथा खानेपानी राज्यमन्त्रीमा निलम कुारी रजक नियुक्त भएका छन् । यस्तै लोसपाबाट शिक्षा तथा संस्कृति राज्यमन्त्रीमा रामबाबु यादव र जनमतबाट उद्योग पर्यटन राज्यमन्त्री सम्भु साह नियुक्त भएका छन् । यो सँगै मधेश सरकारको मन्त्रिपरिषद अहिलेसम्मकै ठूलो आकारको २० सदस्यीय बनेको छ । मधेशमा १२ मन्त्रालय छ । जनमतले मुख्यमन्त्री बाहेक २, कांग्रेस र एमालेले ४–४ र लोसपाले एक मन्त्रालय सम्हालेको छ । यसअघि नै एमालेका २ र जनमतका एक राज्यमन्त्री नियुक्त भइसकेका थिए ।

## कस्तो होला राउतको 'महाआन्दोलन'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले बंगलादेशको राजनीतिक परिवर्तनका लागि जनतालाई सम्मान गर्दै नेपालमा पनि महाआन्दोलन जरुरी भएको बताएका छन् । सोमबार राति उनले फेसबुक पेजमा लेखेका छन्, 'जनताको शक्तिलाई कोटिकोटी नमन ! जतिसुकै छट्पटाउनुस्, तर छातीमा हात राखेर आफैँलाई सोध्नुस्, तपाईंलाई पनि थाहा छ । यो आलोपालोटालोका सरकारहरूले देशलाई कतै कुनै उँभो लगाउँदैन । केबल सबै भ्रष्टाचारीहरू मिलेर एकठाउँमा आई आलोपालो गरी देशलाई लुट्ने र आफूहरूलाई बचाउनेबाहेक केही गर्नै सक्दैन । त्यसैले यस्तै महाआन्दोलनबाट सबै भ्रष्टहरूलाई 'ट्राइब्यूनल'द्वारा कारबाही गर्ने गरी अगाडि नबढे देश कहिले पनि बन्दैन । स्यालूट छ बंगलादेशका जनताहरूलाई ।'

राउतको दल जनमत स्वयम् अहिलेको 'आलोपालोटालो' सरकारमा सहभागी छ । मधेशका सबै दलहरुले यो सरकारलाई साथ दिनुको मुख्य मक्सद हो मधेश प्रदेश सरकारमा आफ्नो पकड कायम गर्नु । एमाले र कांग्रेसले असार १७ गते मिलेर सरकार बनाउने भनेपछि यो गठबन्धनलाई साथ दिने भनेर सबै मधेशी दलहरु निकै खुशी भए । आफ्नो पार्टी विभाजनको चोट खेपिरहेको जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नयाँ गठबन्धनलाई साथ दिने बताए । उनको पनि चाहना ७ वर्षदेखि मधेश सरकारमा हालिमुहाली गरिरहेको जसपा नेपालको गुमेको सत्ता दुई महिना नपुग्दै फिर्ता गर्नु थियो भन्नेमा शंका छैन । यस्तै, जनमत पार्टीले पनि भर्खर मधेश सत्ता सम्हालेकाले मधेश सत्ता नगुमोस् भनेर नयाँ गठबन्धनलाई साथ दिने भन्यो । लोकतान्त्रिक समाजवादी पार्टीले पनि नयाँ गठबन्धनलाई समर्थन गरेको थियो । सबैको चाहना मधेश प्रदेश सरकारमा भागवण्डा र केन्द्र सरकारका केही थान मन्त्री



सुरक्षित गर्नु थियो भन्ने मधेश र देशका जनताले बुझेकै विषय हो । तर यो सत्ताको चिठ्ठा केबल मधेशमा जनमतलाई र केन्द्रमा लोसपालाई एक थान मन्त्रीमा सीमित भयो । बरु ८८ सिटको नेपाली कांग्रेसले १० मन्त्री पाउँदा वैशाखको अन्तिममा फुटेको र ७ सांसद भएको जनता समाजवादी पार्टीलाई दुई थान मन्त्री हात लाग्यो ।

यसपछि जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव लगातार सरकारले समावेशिता र संघीयता मास्न लाग्यो भन्दै सरकारविरुद्ध क्रुद्ध देखिन्छन् । मधेश सरकार र केन्द्र सरकारमा जसपा नेपालको साथ मात्र छ, सहभागिता छैन । यसैक्रममा मधेश सरकार सुरक्षित गरेपछि जनमतका अध्यक्ष डा. राउतले पनि सरकार बनेको एक महिना नपुग्दै आफ्नै गठबन्धनलाई धारे हात लगाएर 'भ्रष्टहरुको गठबन्धन र आलोपालो सरकार'ले देश नबन्ने भनेका छन् । उनले यो सरकारले देशलाई उँभो लगाउन नसक्ने आलोपालो सरकार मात्र चलाउने भनेका छन् । सरकारमा एमाले र कांग्रेस छन् । एमालेलाई गिरीबन्धु चिया बगान र कांग्रेसलाई नक्कली भुटानी शरणार्थी प्रकरणको मतियार भनेर राजनीतिमा चर्चा छदैँछ । यही दुई दलको सरकारलाई विश्वासको मत दिँदै मधेश प्रदेश सरकार सुरक्षित गरेका राउत एक महिनामै गठबन्धनबाट वाक्क भएका हुन् र ? उनले भन्ने गरेको महाआन्दोलन चैँ कस्तो हो ? यो थाहा पाउन उनको फेसबुक पेज बेलाबेला हेरिरहन पर्ने भयो । जबकि उनले भनेको 'आलोपालोटालो सरकार'मा उनको जनमत पार्टी लोसपा, जसपा, जसपा नेपालजस्तै एउटा सहयोगी 'टालो' नै हो ।

***मैले देखेको छु जब एउटा मान्छे कुनै महिलालाई प्रेम गर्छ तब सबै दिंदैन तर जब महिलाले कसैलाई प्रेम गर्छिन् त सर्वश्व सुम्पन्छिन् । –ओस्कार वाइल्ड***

## सम्पादकीय

# प्रतिवेदन अनुसार कारबाही होस्

*मधेश प्रदेश सरकारमा ७ वर्ष हालिमुहाली गरेको जनता समाजवादी पार्टी नेपालको पछिल्लो अर्थमन्त्री सञ्जयकुमार यादवले योजना किनबेच गरेको र नियम मिचेर २ अर्ब ३४ करोड रुपैयाँ रकमान्तर गरेको तथा माओवादीबाट मन्त्री भएकी सुनिताकुमारी यादवको मन्त्रालयका तर्फबाट स्वकीय सचिवले लेखेको लेटरप्याडको चिठीका आधारमा करोडौँ रुपैयाँ बदमासी गरिएको विषयमाथि छानबिनका लागि बनेको समितिले प्रतिवेदन बुझाएपछि मधेश प्रदेश सभाको सोमबारको बैठकमा हंगामा भयो । जनता समाजवादी पार्टी नेपालका प्रदेश सभा सदस्यहरु र नेकपा माओवादी केन्द्रका प्रदेश सभा सदस्यहरुले प्रतिवेदन नियतवश ल्याइएको, माओवादी र जसपा नेपालका सांसद र मन्त्रीहरुलाई फसाउन खोजिएको भन्दै दुई पार्टीबाट खुलेर यसको प्रतिवाद भएको छ । अरु त अरु मन्त्री सुनिताकुमारी यादव स्वयम्ले यसमा सत्यता नरहेको भनेर प्रदेशमा सभामा मर्यादा नै नाघेर आफ्नो सफाइ आफैँ दिन पनि पछि परेकी छैनन् । पार्टीले बचाउ गर्ने विषयमा व्यक्ति नै यति धेरै हतासिएर प्रतिवेदन आएको २४ घण्टा नबित्दै जवाफी हमलामा उत्रनु पर्ने किन ? जब कुनै कर्ममा खोट नै छैन भने केही दिन बयान दिनु पर्ला, सफाइ पाइन्छ । गुण्डाको बहुमतले सत्य निलम्बनमा पर्दैन, केहीदिन दुःख खेप्नु पर्छ, यति पनि राजनीतिमा सहन र बुझ्न नसक्नेहरुले देश र जनता बदल्न कठिन विषय हो ।*

*मुख्यकुरो, दुई महिनाभित्र छानबिन गर्ने भनेर समिति बनाइएको हो । समितिमा सबै पार्टीका सांसदहरु छन् । उनीहरु अहिले पनि त्यो समितिबाट तलमाथि भएका छैनन् । तर माओवादी र जसपा नेपालका सांसदहरु मात्रै 'लौ सकियोजसरी' यति धेरै चिन्तित भएका छन् । समितिले पटकपटक प्रतिवेदन बुझाउन खोज्दा मुख्यमन्त्रीकै निर्देशनमा बुझ्ने मिति सार्ने काम भइरह्यो । मुख्यमन्त्री जसपा नेपालकै सरोजकुमार यादव थिए । अर्थमन्त्री सञ्जयकुमार यादवको बदमासी देखिने, कारबाही गर्नु पर्ने, माओवादीका मन्त्री पनि मुछिने, यसले सत्तालाई असर गर्ने र जसपा नेपालको बदनाम हुने भयले पटकपटक प्रतिवेदन बुझाउन खोज्दा पनि नबुझेको कुरा जसपा नेपाल र माओवादीले जवाफ दिनु पर्छ कि पर्दैन ? आफैँ सत्तामा भएका बेला प्रतिवेदन बुझेर आफ्ना नेता तथा मन्त्रीलाई सामान्य 'सचेत' गराएको भरमा चोखिने अवस्था हुँदा किन उनीहरुले चासो लिन सकेनन् ? त्यतिखेर सत्ता स्थायीरुपमा माओवादी र जसपा नेपालको हातबाट बाहिर जाँदैन भन्ने भ्रममा दुई दलका नेता र मन्त्रीहरु बहकिए या विषय यति गम्भीर होला भनेर अनुमानसमेत गर्न भ्याएनन् । सत्ता अस्थायी हो । तर अस्थायी सत्ताले धेरैको स्थायी करिअर सकिन्छ भन्ने भेउ बल्ल पाएर प्रतिवादमा पो उत्रेका हुन् कि ?*

*अब हाम्रो कुरा चैँ सत्यमा आधारित छ । यदि माओवादी र जसपा नेपालका नेताहरुको कमजोरी हो भने कठोर भएर कारबाहीको दायरामा ल्याउनु पर्छ, प्रदेश सरकारका मन्त्रीहरु भ्रष्टाचारमा जेल फैसला भएका छन् । यति ठूलो रकमान्तरमा चोख्याउन खोज्नु मूर्खता हो । होइन, पूर्वाग्रह राखेर नेताहरु सिध्याउन सत्तारुढ दलहरुको प्रयास हो भने प्रमाणविना कुनै पनि मुद्दा बलियो हुन्न, अहिले त केही ठूलो स्वर गर्लान् । तर ढिलोचाँडो सत्यले सबैलाई सफाइ दिन्छ नै । बरु यस्तो प्रतिवेदन पार्ने प्रदेश सभा सदस्यहरुले चैँ कसको बहकाउमा परेर यसो गरे भनेर छानबिन गर्न सकिन्छ । सत्य के हो ? प्रतिवेदनअनुसार देखिएकाहरु कि प्रतिवेदन बनाउनेहरु ? दुईमध्ये एकलाई कारबाही त गर्नैपर्छ ।*

# शिवपूजनको साउने संस्कृतिमा हाम्रो समाज



सञ्जय साह मित्र



पूजालाई मानिसले पवित्र कर्मको रुपमा लिने गर्दछन् । जो आस्तिक छन् वा जसले आफूलाई आध्यात्मिक मान्दछन्, उनीहरुमा पूजाको संस्कृति विद्यमान हुन्छ । यस्तो पूजा कुनै ईश्वर, भगवान वा देवतालाई गरिन्छ । यस किसिमको संस्कृतिमा यो कुरालाई स्वीकार गरिएको हुन्छ कि जसलाई पूजा गरिँदैछ, उनी महान् हुन् । हुन त यस मतको विरोध पनि गरिन्छ । यस मतका विरोध गर्नेहरुले सबैभन्दा महान मानिसलाई मान्दछन् र देवता पनि मानिसलाई नै मान्दछन् । आध्यात्मिक पक्षबाहेक अधिकांश देवता, भगवान वा ईश्वरलाई मानिसकै रुपमा ग्रहण गर्दछन् । मान्छेलाई नै भगवान देख्ने, मान्छेलाई नै भगवान मान्नेले मान्छेको सेवा गरे मानिस खुसी हुने विश्वास गर्दछन् । शास्त्रहरुले पनि मानिसलाई ईश्वरको सन्तान मान्ने गर्दछन् ।

मानिसले पूजा गर्ने अनेक देवदेवी छन् । हिन्दू सनातन धर्मावलम्बीले नै तेतीस कोटि देवीदेवताको पूजा गर्दछन् भन्ने मान्यता रहेको छ । यहाँ कोटिको अर्थ करोड हो कि प्रकारको हो भन्नेमा फरक विचार पाइन्छन् । जहाँ मानिस बसेका छन्, त्यहाँ आस्था रहेको छ । आस्थाको अनेक रुप हुनु अस्वाभाविक होइन । मानिसको रीति, स्थिति, भूगोल, जलवायु र अन्य कारणले आस्थालाई प्रभावित पार्ने गरिएको पाइन्छ । रुचिको कारणले पनि मानिसको आस्थामा प्रभाव पारेको देखिन्छ । यसरी आस्थाको कुनै ठोस आकार हुँदैन र आजको युगमा झन् आस्थालाई निकै विस्तारमा हेरिन थालिएको छ । आस्थाले संस्कृति निर्माण गर्दछ । संस्कृतिभित्र पूजा पनि पर्दछ । पूजा हुँदा देवताको प्रसंग आउँछ । यद्यपि आफूलाई नै देवता मानेर आफूले नै पूजा गर्ने संस्कृति पनि रहेको छ । यसलाई निकै राम्रो मान्न सकिन्छ ।

विश्वका अनेक धर्ममध्ये सनातन हिन्दू धर्मलाई प्राचीन मानिएको छ । प्राचीन हिन्दू धर्मका देवीदेवताहरुको पूजा विश्वका विभिन्न समुदायमा विभिन्न रुपमा गरिने गरिएको पाइन्छ । शास्त्रमा स्वीकार गरिएको बौद्ध धर्म पनि हिन्दू धर्म हो किनभने भगवान बुद्धलाई भगवान विष्णुको अवतार मानिएको छ । यसै गरी अन्य कैयन धर्मलाई पनि हिन्दू शास्त्रका तेतीस कोटि देवताभित्र समेटिएको पाइन्छ । यसरी हिन्दू सनातन धर्मको क्षेत्र निकै विशाल रहेको मानिएको छ । सनातन धर्मको व्यापकता रहेको सन्दर्भमा पनि वर्तमान रुपमा जसरी हिन्दू धर्मलाई मान्नेहरु रहेका छन् र जुन देवीदेवताको पूजा, आराधना तथा वन्दना गर्ने गरेका छन्, यीमध्ये महादेव भनेर शिवलाई मानिएको छ । यसैले, धेरैले, शिवलाई देवाधिदेव महादेव भनेर पनि मान्ने गरेका छन् ।

शिवको मुख्य पूजा फागुन महिनाको कृष्ण पक्षको चतुर्दशी तिथिका दिन गरिन्छ । यस दिनलाई महाशिवरात्री पनि भनिन्छ । यस दिन विश्वका प्रमुख शिवालयमा निकै भीडभाड हुन्छ । शिवको आराधना वा साधना गर्नेहरुले यस दिनलाई विशेष मान्दछन् । तर, शिवको पूजा अन्य दिन वा तिथिमा पनि गरिन्छ । जुनसुकै महिनाको कृष्ण र शुक्ल दुवै पक्षको त्र्योदशी तिथिलाई शिवको राम्रो तिथि मानिन्छ । यसै गरी अधिकांश ठाउँमा सोमवारलाई शिवको विशेष बारको रुपमा मानेर पूजा गर्ने चलन रहेको छ । शिव पूजकहरुको स्थानीय संस्कृति पनि रहेको छ । कतिपय ठाउँमा श्रीपञ्चमी अर्थात वसन्त पञ्चमीको दिन शिवको विशेष पूजा हुने गरेको भने भदौ महिनाका दुवै त्र्योदशी र बैसाख महिनाका दुवै त्र्योदशी तिथिमा विशेष मेला लाग्ने गरेका छन् शिवस्थलीमा ।

आइतवार पनि शिवको पूजा हुने गरेको छ । यसैले बारमा पनि भूगोल तथा स्थानीय संस्कृतिअनुसार आइतवार र सोमवारमध्ये कुनै एक बार महादेवको पूजा गर्ने चलन रहेको छ । बार र तिथि त पूजाको लागि उपयुक्त मान्ने परम्परागत गरिका रहेको छ नै । आधुनिक संस्कृतिमा भने, धेरै ठाउँमा, हरेक महिनाको पहिलो दिन पनि शिवालयमा भीड हुने गर्दछ । महिनाको सुरुआत गतेको दृष्टिकोणले वा तारिखको दृष्टिकोणले वा तिथिको दृष्टिकोणले भएको होओस्, पूजा गर्ने चलन बढेकै छ । यसै गरी पूजाको अर्को तरिका पनि महिनाको रहेको छ । एक वर्षमा सबैभन्दा बढी पूजा साउनमा गरिन्छ । यसैले साउन महिनालाई शिवको महिना पनि भनिन्छ । यस कुरामा अहिले समानता पाइएको छ कि शिवको पूजा जहाँसुकै पनि साउन महिनाभर अधिक मात्रामा गरिन्छ ।

साउन महिनामा शिवको पूजाको आफ्नै संस्कृति छ । दक्षिण भारतमा साउन महिनामा उत्तर भारतको जस्तो पूजाको संस्कृति नरहेको देखिन्छ । उत्तर भारतमा मुख्य गरी बिहार, झारखण्ड र उत्तर प्रदेशका साथै उत्तराखण्डका शिवलाई पूजा गर्नेहरुले काँमर लिएर यात्रा गर्ने गरेका छन् । कुनै एक जलाशयमा जल लिने ठाउँ निर्धारण गरिएको हुन्छ र पैदल हिँडेर पुगी जलाशिभेषक गर्ने गरिन्छ । उत्तर भारतमा रहेको यस संस्कृतिमा कामरनाथुको आफ्नै भेषभूषा हुन्छ । रहनसहन हुन्छ । लवाइ र खवाइ नै विशिष्ट किसिमको हुन्छ । कतिपयले कैयौँ दिनसम्म यसै प्रकारको कर्ममा आफूलाई लीन बनाएका हुन्छन् । यस्ता मानिसको संख्या निकै विशाल छ जो साउन महिनामा आफूलाई साकाहार बनाउँछन् । शिवप्रति आस्था राख्दै साकाहार हुनेहरुले नित्य पूजा गर्दछन् शिवको ।

हामीकहाँ, मुख्य गरी मधेशमा, शिव पूजाको संस्कृति उत्तर भारतबाट प्रभावित छ । प्रभावित छ भन्दा पनि उस्तै छ । भूगोल, भाषा, जाति र संस्कृति सबै मिल्ने भएकाले पनि हुनुपर्छ, शिव पूजाको संस्कृतिमा पनि समानता छ । एकरुपता छ । अत्यन्त कम विशिष्टतासहित यस क्षेत्रमा मानिस शिवको पूजा गर्दछन् । यस क्षेत्रमा अन्तरराज्यीय अर्थात एक प्रदेशबाट अर्को प्रदेशमा गएर पूजा गर्ने चलन पनि रहेको छ । मधेशबाट बिहार हुँदै झारखण्डसम्म हरेक वर्ष लाखौँ श्रद्धालु पूजा गर्न बोलबम बनेर जान्छन् । मधेश प्रदेशबाटै सिन्धुलीको गुफामा रहेको महादेवदेखि काठमाडौँको पशुपतिनाथसम्म श्रद्धालु दर्शनार्थीहरु पुग्दछन् । सिन्धुली तथा झारखण्ड पुग्दा हुने भेषभूषा तथा रहनसहन र काठमाडौँको पशुपतिनाथसम्म पुग्दा हुने भेषभूषा र रहनसहन भने फरक हुन्छ ।

शिवको पूजामा जस्तो देश उस्तै भेष नेपाली श्रद्धालुहरुमा मात्र नभएर भारतीय श्रद्धालुहरुमा पनि पाइन्छ । दक्षिण भारतमा शिवको पूजा गर्ने विशेष भेष पाइन्न साउनमा पनि तर अधिकांश मानिस शिव, गणेश र हनुमानको पूजा गर्दछन् । उत्तर भारतको भन्दा दक्षिण भारतको निकै धेरै घरको मूल द्वारको अगाडितिर लक्ष्मी, हनुमान, काली वा अन्य देवदेवीको प्रतिमा, टायल्स, सानो मन्दिर वा मूर्ति राखिएको पाइन्छ । हरेक बिहान घरको मूल द्वारमा, धेरै ठाउँमा, विशेष किसिमको रंगोली बनाउने चलन पनि रहेको छ । हरेक बिहान भभूत वा चन्दनले अधिकांश मानिस आफ्नो निधार सजाउँछन् । तमिलनाडु, दक्षिण भारत, को विभिन्न जिल्लाको सहरी तथा ग्रामीण क्षेत्रमा करिब उस्तै प्रवृत्ति पाइन्छ । प्रकृति फरक तर देवदेवीप्रति आस्था भने अपार पाइन्छ ।

नेपालमा पनि पशुपतिनाथलाई लामो समय राष्ट्रिय देवताको रुपमा पूजा गरिएको पाइन्छ । अहिले पनि नेपालीका आस्थाका केन्द्र पशुपतिनाथ नै हुन् । पशुपतिनाथ पनि भगवान शिव नै हुन् । देशको विभिन्न भागमा शिवालय वा शिव मन्दिरहरु रहेका छन् । हरेक ठाउँको आफ्नै विशिष्टता हुन्छ । संस्कृति हुन्छ । हाम्रो समाज भने साउन महिनामा शिवमय बन्द छ । साउन महिनामा धेरै मानिस साकाहारी बन्दछन् । साकाहार हुनु स्वास्थ्यको दृष्टिकोणले पनि राम्रो मानिन्छ, त्यस्ता मानिस जो सधैँ माछामासु खाइरहन्छन् । साकाहार भएर नै पूजा गर्नुपर्छ भन्ने मान्यता पनि छ हाम्रो समाजमा । अनि, साउनको सोमवार धेरै युवती तथा महिलाहरु भोकभोकै व्रत बस्न थालेका छन् । विगत दुई तीन दशकमा यो चलनले निकै विस्तार पाएको छ ।

साउन महिनाभर हरेक आइतवार, सोमवार, त्रयोदशी, चतुर्दशी, औँसी र पूर्णिमा दिन शिवालयमा धेरै मानिस पुग्दछन् । आस्था र श्रद्धाअनुसार माथि नै भनिसकिएको छ, लाखौँ मानिस बाबाधाम जान्छन् । भारतको झारखण्ड प्रान्तको देवघर जिल्लामा रहेको बाबा रावणेश्वरको दर्शन गर्न हरेक वर्ष लाखौँ मानिस पुग्ने भएकाले भारत सरकारले दर्जनौँ विशेष रेल पनि चलाएको हुन्छ ।

बिहार र झारखण्डमा साउनभर चल्ने मेलालाई श्रावणी मेला भनिन्छ । यस मेलाबाट नै हाम्रो समाज प्रभावित छ । सम्पूर्ण साउन एक किसिमले शिवमय बनेको हुन्छ । सारा समाजले यसलाई निर्वाह गर्ने प्रयास गर्दछ । यसैले होटलमा बिक्री सुकेको हुन्छ । यसलाई होटल संचालकहरुले पनि अति स्वाभाविक मान्दै आएका छन् । यस किसिमको संस्कृतिको विकास भइसकेको छ ।

भोजन, पहिरन, रहनसहन तथा जीवन र समाजको अन्य क्षेत्र पनि यस किसिमको शिवमय साउने संस्कृतिबाट प्रभावित हुन्छ । सबै उमेर र वर्गका मानिस साउने संस्कृतिको प्रवाहमा प्रवाहित हुन्छन् । यस महिनालाई विशेष बनाउन विभिन्न यात्रामा जानेहरु पनि छन् । तीर्थका नाममा नै सही धेरै ठाउँको भ्रमण गर्नेहरु छन् । यस किसिमको भ्रमणले पनि जीवनमा धेरै सिक्ने अवसर दिँदा रहेछन् जुन साउन महिनाको हामे समाजले निर्माण गरेको गोरेटोबाट पाइएको छ ।

**कृषि**

# काँक्रोको बीउ बचेर दुई करोड आम्दानी

**पर्वत ।**

जलजला गाउँपालिका–७ धाइरिङका किसानले काँक्रोको बीउ बिक्री गरेर दुई करोड रुपैयाँ भित्र्याउन सफल भएका छन् । व्यावसायिक रुपमा तरकारी उत्पादनमा सक्रिय सल्यान गाउँका करिब ७० घरधुरीले काँक्रोको बीउ उत्पादन गरेका हुन् । उनीहरुले भक्तपुर लोकल जातको काँक्रोखेती गरेका थिए । यसवर्ष यहाँ करिब दुई हजार किलोभन्दा बढी काँक्रोको बीउ उत्पादन भएको अगुवा किसान एकनारायण पौडेलले जानकारी दिनुभयो ।

गत वर्षभन्दा यसवर्ष उत्पादित बीउले राम्रो मूल्य पाएको उहाँले बताउनुभयो । यहाँका किसानले विगत दुई दशकदेखि व्यावसायिक रुपमा काँक्रोको बीउ उत्पादन गर्दै आएका छन् । पौडेलले भन्नुभयो, 'गतवर्ष प्रति किलो पाँच हजारदेखि छ हजार रुपैयाँमा बिक्री भएकामा यसपटक मूल्य बढेर १० हजार रपैयाँदेखि दश हजार पाँच सय रुपैयाँसम्ममा बिक्री भयो ।' व्यवसायीहरुले गाउँमै आएर बीउ खरिद गर्ने गरेको उहाँको भनाइ छ । काँक्रोको बीउ बिक्री गरेर यसवर्ष थोरैमा तीन लाख रुपैयाँदेखि धेरै आम्दानी गर्नेले दश लाख रुपैयाँसम्म आम्दानी गरेको उहाँको भनाइ छ । राम्रो मौसम परेकाले यसपाली सल्यानको फाँटमा काँक्रोको बीउ उत्पादन राम्रो भएको किसान बलराम आचार्यले बताउनुभयो ।

किसान आचार्यले भन्नुभयो, 'गतवर्ष ४० किलो उत्पादन भएकामा यस वर्ष ७५ किलो उत्पादन गरेँ ।' प्रतिकिलो दश हजार रुपैयाँका दरले बिक्री गर्दा सात लाख ५० हजार रुपेयाँ आम्दानी भएको उहाँको भनाइ छ । यहाँ उत्पादन भएको काँक्रोको बीउ सङ्कलन गरेर एक हजार किलो काठमाडौँस्थित न्यू ग्रेसको सिट सप्लायर्सलाई पठाइएको किसान पौडेलले बताउनुभयो । पौडेलका साथै वडाध्यक्ष टुङ्गनाथ आचार्य, स्थानीय गोपाल आचार्य, इन्द्र पौडेलले गाउँमा उत्पादन भएको बीउ सङ्कलन गरेर बिक्रीका लागि काठमाडौँ, पोखरा र बेनी पठाउने गर्नुहुन्छ ।

स्थानीय नवराज शर्मा यसवर्ष गाउँभरिमा सबैभन्दा धेरै ९७ किलो काँक्रोको बीउ उत्पादन गरेर नौ लाख ७० हजार रुपैयाँ आम्दानी गर्न सफल हुनुभएको छ । उत्पादन भएको काँक्रोको बीउले राम्रो मूल्य पाएपछि किसान उत्साहित भएका छन् । यहाँका किसानले २० वर्षदेखि निरन्तर रुपमा काँक्रो र गोलभेडाको बीउ उत्पादन गरेर गाउँमा दुईदेखि तीन करोड रुपैयाँसम्म भित्र्याउने गरेका छन् । पछिल्ला केही वर्षयता काँक्रो र गोलभेडाको बीउले राम्रो मूल्य पाउन थालेपछि विदेश पुगेका युवासमेत गाउँ फर्किएर कृषि खेतीमा लागेको युवा किसान टेकनारायण आचार्यले बताउनुभयो । तरकारी र बीउ उत्पादनको पकेट क्षेत्र रहेको धाइरिङका किसानले व्यावसायिक रुपमा ताजा तरकारी उत्पादन गरेर पनि राम्रो आम्दानी लिने गरेका छन् ।


यहाँ उत्पादन भएको तरकारी छिमेकी जिल्ला म्याग्दीको सदरमुकाम बेनी, मुस्ताङ, बागलुङ, कुस्मा र पोखरासम्म पुग्ने गर्दछ । ताजा तरकारी र बीउ उत्पादन गरेर यहाँका किसानको जीवनस्तरमा सकरात्मक परिवर्तन भएको जलजला–७ का वडाध्यक्ष टुङ्गनाथ आचार्यको भनाइ छ । बीउबाहेक यहाँ मौसमी तथा बेमौसमी तरकारीको पनि व्यावसायिक खेती हुने गरेको छ । यहाँका स्थानीयले धान, कोदो जस्ता अन्नबाली छाडेर तरकारी खेतीलाई मुख्य पेसाका रुपमा अपनाएका छन् । धाइरिङ बाहेक जिल्लाको फलेवास नगरपालिका–१० कर्घा, वडा नं ११ पाङराङ र विहादी गाउँपालिका–१ बाच्छामा पनि काँक्रोको बीउ उत्पादन हुँदै आएको छ । रासस

**अन्तर्राष्ट्रिय**

# नोबेल पुरस्कार विजेता युनुसलाई सरकारको नेतृत्व गर्न आह्वान

**बंगलादेश ।**

प्रधानमन्त्री शेख हसिनाको राजीनामापछि विद्यार्थी आन्दोलनका नेताहरूले बङ्लादेशको वर्तमान रानजनीतिक अवस्थालाई सम्बोधन गर्न नोबेल पुरस्कार विजेता डा मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न प्रस्ताव गरेको ढाका ट्रिब्यूनले जनाएको छ । प्रमुख विद्यार्थी नेता नाह्दि इस्लाम, आसिफ महमुद र अबु बकर मजूमदारले मङ्गलबार भिडियो सन्देशमार्फत यस्तो घोषणा गरेका हुन् । ट्रिब्यूनका अनुसार विद्यार्थी नेता नाह्दिले सोमबार राति २४ घण्टाभित्र अन्तरिम सरकारको रूपरेखा तयार गरिने घोषणा गर्नुभएको थियो ।



बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण (कोटा) प्रणालीको विरोध गर्दै बिद्यार्थी समूहले शुरू गरेको आन्दोलनले सफलताको उत्कर्ष पार गर्दै प्रधानमन्त्री हसिनालाई राजिनामा दिन बाध्य बनाएको हो । बङ्गलादेशमा आएको राजनीतिक परिवर्तनपछि सोमबार राति नै राष्ट्रपति मोहम्मद साहाबुद्दिनले सेना प्रमुख वाकर–उज–जमानलाई अन्तरिम सरकार गठन गर्न स्वीकृति प्रदान गर्नुभएको हो ।

यसैबीच, बङ्लादेश नेसनलिस्ट पार्टी (बिएनपी) का महासचिव मिर्जा फक्रुल इस्लाम आलमगीरले आफ्नो पार्टीका कार्यवाहक अध्यक्ष तारिक रहमान चाँडै नै देश फर्कने घोषणा गर्नुभएको छ । महासचिव मिर्जा फक्रुलले हसिना सरकारले नेता तारिक रहमानलाई झुटो मुद्दामा अन्यायपूर्ण रूपमा निर्वासित गरिएको जनाउदै उहाँले आन्दोलनलाई समर्थन गरेको र तुरुन्तै स्वदेश फिर्ता हुने आशा व्यक्त गर्नुभयो ।

मिर्जा फक्रुलले आफ्ना पार्टी नेता बेगम खालिदा जियालाई समेत तुरुन्तै रिहा गर्ने निर्णय गरिएको उल्लेख गर्दै राजनीतिक कारणले जेलमा परेका अन्य व्यक्तिलाई पनि रिहा गर्ने जनाउनुभयो । एएनआइ

# प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत वीरगंजमा वृक्षारोपण




**मधेशदृष्टि**
**वीरगंज ।**
सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत वीरगंजमा वृक्षारोपण गरिएको छ । मंगलबार वीरगंज महानगरपालिका वडा नम्बर १४ सिद्धार्थ माध्यमिक विद्यालय चिनी मिल पर्साको प्रांगणमा रहेको आशा किरण केन्द्र अगाडि वृक्षारोपण गरिएको हो ।

सो अवसरमा नागरिक समाजका प्रतिनिधि, सुरक्षाकर्मी तथा सञ्चारकर्मीको सहभागितमा विभिन्न प्रजातीका ९० थान विरुवा रोपिएको ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए ।

ग्रिन सिटी सामुदायिक सेवा केन्द्र तथा ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर, महावाणिज्य दूत वीरगंज, वीरगंज महानगरपालिका र आशा किरण केन्द्र वीरगंज पर्साको संयुक्त आयोजनामा बृहत वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको हो ।

ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतानको अध्यक्षतामा भएको वृक्षारोपण कार्यक्रमका प्रमुख अतिथी जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी कुमोध ढुंगेल रहेका थिए ।

वृक्षारोपण कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, महावाणिज्य दूत वीरगंजका देवी सहाय मिना, प्रहरी निरीक्षक निता थापा, डिभिजन वन कार्यालय पर्साका सुनिल कुमार कर्ण, ग्रिन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरका उपाध्यक्ष संजय शर्मा, सामुदायिक आँखा अस्पताल वीरगंजका संयोजक डाक्टर महेश सिंह धामी, प्रहरी बरिष्ठ हवल्दार विवेक राउत कुर्मी, प्रहरी जवान पूर्ण कुमारी श्रेष्ठ र अम्मर सिंह साउदलगायतको सहभागिता रहेको थियो ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०४/२३ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले बीरगंज शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री डाँफे बचत तथा ऋण सहकारी संस्था लि. । रजिष्टर्ड ठेगाना : भवानीपुर गा.वि.स.वडा नं. ७, पर्सा । हालको ठेगाना बीरगंज महानगरपालिका -१८ (राधेमाई), पर्सा ।** **दर्ता नं: १७२ (२४८)/२०६६/२०६७**

**संचालक तथा जमानीकर्ताको विवरण**

| | | |
|---|---|---|
| **१) नाम : नरेश राउत कुर्मी (अध्यक्ष जमानीकर्ता )**<br>बाबु : ठग राउत<br>बाजे : नथुनी राउत कुर्मी<br>ना प्र नं. : ११५४२९६८<br>ठेगाना : भवानीपुर-७, पर्सा | **२) नाम : पुष्पा देवी उपाध्याय (संचालक जमानीकर्ता)**<br>बाबु : राजेश्वर तिवारी<br>बाजे : दयाशंकर उपाध्याय<br>ना.प्र.नं : ३३३०२८/१८२६<br>ठेगाना : कवहीगोठ-४, बारा | **३) नाम : मनोज कुमार यादव (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : लालबाबु प्रसाद कानु<br>बाजे : जई राउत अहिर<br>ना.प्र.नं : ३४-०१-७२-०१८७२<br>ठेगाना : पटेर्वा सुगौली-९, पर्सा |
| **४) नाम : राज कुमार महतो कोइरी (संचालक जमानीकर्ता)**<br>बाबु : रामचन्द्र महतो कोइरी<br>बाजे : मंशी महतो कोइरी<br>ना.प्र.नं : ३२५६/३०७४<br>ठेगाना : बरैनिया-४, बारा | **५) नाम : दिलिप प्रसाद यादव (सचिव जमानीकर्ता)**<br>बाबु : रबिन्द्र यादव<br>बाजे : देवराज राउत<br>ना.प्र.नं : ६०४८२४११<br>ठेगाना : मनियारी-२, पर्सा | **६) नाम : मनोज कुमार यादव (संचालक जमानीकर्ता)**<br>बाबु : शंकर प्रसाद यादव<br>बाजे : अजयकान्त प्रसाद कानु<br>ना.प्र.नं : २८७२२३४९<br>ठेगाना : जगरनाथपुर-५, पर्सा |
| **७) नाम : अरुण यादव (कोषाध्यक्ष जमानीकर्ता)**<br>बाबु : जादेलाल राउत अहिर<br>बाजे : जोखन राउत<br>ना.प्र.नं : ३४१०६४/२६४<br>ठेगाना : प्रसौनीविर्ता-८, पर्सा | **८) नाम : झोटी लाल साह तेली (पूर्व उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु : खेदु साह तेली<br>बाजे : खुबा साह<br>ना.प्र.न : ५०९४१४५५<br>ठेगाना : महुवन-४, पर्सा | **९) नाम : दिनेश प्रसाद सा कानु (पूर्व सचिव जमानीकर्ता)**<br>बाबु : जलेश्वर सा कानु<br>बाजे : केहरी साह कानु<br>ना.प्र.नं : २५६/७९४१२५०<br>ठेगाना : महुवन-४, पर्सा |
| **१०)नाम : अनिल कुमार साह (पूर्व सह-सचिव जमानीकर्ता)**<br>बाबु : जय गोविन्द साह तेली<br>बाजे : रामटहल साह तेली<br>ना.प्र.नं : ५७९४१६७१<br>ठेगाना : महुवन-३, पर्सा | **११)नाम : शम्भु सा तेली (पूर्व सदस्य जमानीकर्ता)**<br>बाबु : राम देव सा तेली<br>बाजे : जोखु सा तेली<br>ना.प्र.न : २१०/५७९११५६<br>ठेगाना : महुवन-४, पर्सा | **१२) नाम : उमेश प्रसाद रौनियार (पूर्व सदस्य जमानीकर्ता)**<br>बाबु : शिव साह रौनियार<br>बाजे : दुखन साह रौनियार<br>ना.प्र.नं : ५७९४१८२१<br>ठेगाना : महुवन-१, पर्सा |
| **१३)नाम : ज्योती कलवार (पूर्व सचिव जमानीकर्ता)**<br>बाबु : उमेश कलवार, पति : शिव शंकर कलवार<br>ना.प्र.नं : ३४३०५०/११९, ठेगाना : महुवन-१, पर्सा | | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री रामदेव सा तेलीको बुहारी श्री शम्भु प्रसाद तेलीको श्रीमती पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ बस्ने श्री रमावति देवी तेलीनको नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ३ को कित्ता नं. ९३६ को क्षेत्रफल ०-०-६.५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. श्री देवकी पडित कुम्हार को नाति श्री भुटेली पडित कुम्हारको छोरा पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. २ बस्ने श्री राजेश पंडित कुम्हारको नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ५ को कित्ता नं. ७२८ को क्षेत्रफल ०-०-१० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. श्री गौरी शंकर गिरी को छोरी श्री श्रीराम गिरी को श्रीमती पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. १ बस्ने श्रीमती उर्मिला देवी गिरीको नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. १ को कित्ता नं. ५८ को क्षेत्रफल ०-७-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. श्री सरजुग साह रौनियार को नाति श्री बासदेव साह रौनियारको छोरा पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ बस्ने श्री रामचरण प्रसाद रौनियारको नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ को कित्ता नं. ७१७ को क्षेत्रफल ०-३-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

५. श्री बासदेव साह रौनियार को बुहारी श्री शिवचरण प्रसाद रौनियारको श्रीमती पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ बस्ने श्री अर्चना कुमारी गुप्ता को नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ४ को कित्ता नं. २८२ को क्षेत्रफल ०-३-१५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

६. श्री दसई साह गोढ को छोरी श्री धनपत साह गोढको पत्नी पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ३ बस्ने श्री सोना देवी गोढको नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. ६ को कित्ता नं. २६५ को क्षेत्रफल ०-२-५ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

७. श्री ५ को सरकार सहकारी विभागमा मिति २०४९/१२/२७ मा दर्ता भई दर्ता न. २७६/०४९/०५० तथा रजिष्टर्ड ठेगाना महुवन गा.वि.स वडा नं. २ रहेको श्री अरुणोदय बचत तथा ऋण सहकारी संस्था लि. को नाममा मालपोत कार्यालय बीरगंज, पर्सामा दर्ता श्रेस्ता कायम रहेको पर्सा जिल्ला महुवन गा.वि.स. वडा नं. १ ग को कित्ता नं. ६५ को क्षेत्रफल ०-१-८-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop


# राजस्व संकलनमा वृद्धि

**मधेशदृष्टि**
**सिरहा ।**
यातायात व्यवस्था कार्यालय लहानको राजस्व संकलनमा वृद्धि भएको छ । यातायात व्यवस्था कर्यालय लहानले आर्थिक वर्ष वर्ष २०८०–८१ मा ५० करोड ४२ लाख २४ जहार सात सय ७४ रुपैयाँ राजस्व संकलन गरेको हो । जुन राजस्व संकलन अघिल्लो आर्थिक वर्षको तुलनामा पाँच करोड भन्दाबढी हो ।

अघिल्लो आर्थिक वषए २०७९–८० मा ४५ करोड ३५ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो ।

यातायात व्यवस्था कार्यालय लहानका प्रमुख कुशेश्वर साहका अनुसार सवारी करबाट ३६ करोड २४ लाख रुपैयाँ, सवारी चलक अनुमतिपत्र तथा नवीकरणबाट ११ हरोड १८ लाख रुपैयाँ, पटके दस्तुर र रुट परमिटबाट ७९ लाख रुपैयाँ राजस्व संकलन भएको छ । त्यसैगरी आर्थिक वर्ष २०८०–८१ मा पाँच हजार दुई सय एक वटा नयाँ सवारी दर्ता र नौं हजार दुई सय जनालाई नयाँ चालक अनुमति पत्र वितरण भएको प्रमुख साहले जानकारी दिए । मधेश प्रदेश सरकारले पाँच वर्षभन्दा बढी समय नवीकरण नगराएका सवारीसाधानलाई नवीकरणमा लाग्ने जरिवाना छुट दिएकाले नयाँ सवारीसाधानको दर्ता बढेको कार्यालय प्रमख साहको साहको भनाइ छ ।

# स्रोत नखुलेको रकमसहित एक जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले स्रोत नखुलेको रकमसहित एक जना पक्राउ गरेको छ । दुई लाख १९ हजार भारतीय रुपैयाँसहित एक जना भारतीयलाई नागरिकलाई पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा गरिएको जाँचका क्रममा प्रहरी टोलीले वीरगंज महानगरको इनर्वाबाट भारतीय नोटसहित पक्राउ गरिएको र उनको परिचय खुलाएको छैन । पक्राउ परेका भारतीय नागरिकको साथबाट पाँच सय दरको दुई सय ३८ थान भारतीय रुपैयाँ बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पक्राउ परको व्यक्तिलाई जिल्ला प्रहरी कार्यालयको पर्साको हिरासतमा राखिएको छ ।

# बारामा ९८ प्रतिशत रोपाइँ सकियो

**बरा ।**
बाराका अधिकांश भागमा रोपाइँ सकिएको छ । कृषि ज्ञान केन्द्रका अनुसार ९८ प्रतिशत रोपाइँ समाप्त भएको छ । यस वर्ष ४६ हजार २० हेक्टर क्षेत्रफलमा बर्खे, भदैया, अगहनी धान रोपाइँ भएको केन्द्रका प्रमुख राजनारायणप्रसाद साहले जानकारी दिए । जिल्लाका किसानले ४५ हजार ९९ दशमलव छ हेक्टरमा रोपाइँ सम्पन्न गरेका छन् । हर्दिनाथ–१, चैते–२, चैते–४, राधा–४ जातका भदैया, सवा मन्सुली, राधा–११, ९, ७ जातका अगहनी धान, ३४ हजार एक सय २० हेक्टर क्षेत्रफलमा रोपिएको छ ।

कृषियोग्य ४६ हजार २० हेक्टर क्षेत्रफलमा रोपाइँ गर्ने लक्ष्य छ । गत वर्ष २०८०÷८१ मा किसानले बर्खेधान, भदैया र अगहनीसहित विभिन्न जातका ४६ हजार २० हेक्टर क्षेत्रफलमा खेती भएको थियो । रासस

# पुल निर्माणका लागि मन्त्रीहरुको ध्यानाकर्षण

**सञ्जय मिश्रा**
**रौतहट ।**



रौतहटस्थित लामो समयदेखि अलपत्र रहेको बागमती नदीको पुल र लालबकैया नदीको पुल निर्माणका लागि संघीय सरकारका तीन जना मन्त्रीहरुको ध्यानाकर्षण गराइएको छ । उपप्रधान एवं अर्थमन्त्री बिष्णु पौडेल, भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दहाल तथा शिक्षामन्त्री विद्या भट्टराईसँग रौतहट जिल्लाको अधुरो पुलहरुको निर्माण तथा बजेट बिनियोजनलगायतका विषयमा ध्यानाकर्षण गराइएको हो ।

पूर्व मन्त्री तथा नेकपा एमालेका नेता महेश बस्नेतको नेतृत्वमा मंगलबार सिंहदरबार गएका रौतहटका नेताहरुसहितको टोली तीनैजना मन्त्रीसँग भेटेर उक्त पुलहरु निर्माणका लागि ध्यानाकर्षण गराएको टोलीमा सहभागी एमाले केन्द्रीय सदस्य अजय कुमार गुप्ताले बताए । भेटका क्रममा मन्त्रीहरु मागप्रति सकारात्मक रहेको केन्द्रीय सदस्य गुप्ताले जानकारी दिए ।

लामो समयदेखि अलपत्र परेको वडहरवा घाट स्थित बागमती नदीको पुल र गौर नगरपालिका वडा नम्बर ४ टिकुलिया स्थित लाल बकैया नदीको पुललगायत अन्य निर्माणाधीन पुलहरु र सडक निर्माणको सन्दर्भमा विशेष छलफल भएको सहभागी अर्का नेता एमाले केन्द्रीय लेखा समिति सदस्य राजकिशोर प्रसाद यादवले बताए ।

टोलीमा एमाले नेता महेश बस्नेत, एमाले केन्द्रीय सदस्य तथा संघीय सांसद प्रत्याशी अजय कुमार गुप्तालगायतको सहभागिता रहेको थियो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको लालबकैया नदीको पुल र तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपालले शिलान्यास गरेको बागमती नदीको पुल ठेकदारको बदमासीका कारण एक दशक भन्दा बढी समयदेखि अलपत्र परेको छ । दुवै पुल निर्माणको लागि पटकपटक विभिन्न संघर्षको कार्यक्रम हुँदै आए पनि अधुरो पुलको अवस्था भने हालसम्म पनि उस्तै छ ।

# लोकसेवा अध्यक्षले लिए शपथ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश लोकसेवा आयोगका अध्यक्ष शिवराम यादवले मंगलबार पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रदेश प्रमुखको कार्यालयमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले यादवलाई शपथ गराएकी हुन् ।

सिरहाको सिरहा नगरपालिका वडा नम्बर १३ गम्हरियाका यादव साउन १० गते प्रदेश लोकसेवा आयोग अध्यक्ष नियुक्त भएका थिए । प्रदेश प्रमुख भण्डारीले उनलाई साउन ११ गते नियुक्तिपत्र दिएकी थिइन् । यादव नेपाल सरकारको मेकानिकलतर्फका उपसचिव थिए ।

उनी सडक विभागको हेभी इक्विपमेन्ट डिभिजन मिनभवन काठमाडौंमा सिनियर डिभिजनल इन्जियिर थिए । ५७ वर्षीय यादव विकास तथा व्यवस्थापनका क्षेत्रमा अनुभवी मानिन्छन् ।

# मालपोत तथा नापी कार्यालय गौशालाबाट सेवा प्रवाह

**महोत्तरी ।**
यहाँको गौशालामा स्थापना भएको मालपोत तथा नापी कार्यालयले सेवा सञ्चालनको तयारी गरेको छ । केही वर्षपहिले कार्यालय स्थापना गरिए पनि जिल्ला सदरमुकाम जलेश्वरस्थित मालपोत तथा नापी कार्यालयबाट नक्सा, अभिलेखलगायत कागजात ल्याउन नसकिएपछि सेवा सञ्चालन हुन सकेको थिएन । सोमबार कार्यालयका लागि आवश्यक नक्सा, अभिलेख र कागजात ल्याइएको छ । उक्त कागजात ल्याइसकेपछि अब सेवा सञ्चालनको तयारी गरिएको कार्यालय प्रमुख जितेन्द्र झाले जानकारी दिए ।

सोमबार राति गौशालाका सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको अगुवाइ तथा जलेश्वर र गौशाला मालपोत कार्यालयको समन्वयमा आवश्यक अभिलेख ल्याएपछि सेवा सञ्चालनको तयारी गरिएको हो । यसअघि जलेश्वरस्थित कार्यालयबाट कागजात ल्याउन जलेश्वरका लेखापढी व्यवसायीले विरोध गर्दै आएका थिए । कार्यालयले एक साताभित्रै सेवा सुरु गर्ने तयारी गरेको प्रमुख झाले बताए । ‘कार्यालय प्रयोजनका मोठ, स्रेस्ता, नक्सा, अभिलेख र सम्बद्ध कागजात आएका छन’, झाले भने, ‘यिनलाई व्यवस्थित गर्न एक साता लाग्छ होला, त्यसलगत्तै सेवा सुरु गर्नेछौँ ।’

नापी तथा मालपोत कार्यालयले सेवा सुरु गरेपछि गौशालाक्षेत्रमा आर्थिक गतिविधि बढ्ने गौशाला उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामराजाप्रसाद साहले बताए । मालपोतले सेवा सञ्चालनको तयारी गरेसँगै जिल्लाको पश्चिमी क्षेत्रका सर्वसाधारणले सहज रुपमा सेवा पाउने आशा गरेका छन् । कार्यालयले हालको गौशाला र औरही नगरपालिका तथा सम्सी र सोनमा गाउँपालिका क्षेत्रका सेवाग्राहीलाई सेवा प्रवाह गर्ने जनाइएको छ । रासस


## मोटरसाइकल हराएको सूचना

मिति २०८१/०४/१९ गते शनिबारको दिन महोत्तरी जिल्ला मनरा सिस्वा न.पा.-६ बस्ने उमेश कुमार सहनीको नाम दर्ता रहेको मधेश प्र.०२.००७ प ८२२२ नम्बरको हुलास अटो कम्पनीको KTM DUKE 200CC को Silver metalic matt रंगको मोटरसाइकल जनकपुरधाम उपमहानगरपालिका-९, वंशी चौकदेखि पेट्रोलिम अफिस जाने गल्लीबाट हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ।

चेसिस नं.- MD2JPCXJ4PN052139
इन्जिन नं.- P-936*62287*
सम्पर्क व्यक्ति : आदित्य सहनी (सुभाष)
ठेगाना : मनरा सिस्वा न.पा.-६
सम्पर्क नं.- ९८०४८१११५१


# सप्तरीमा एक जनाको शव फेला

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नम्बर १ बरही वीरपुरनजिकमा एक जनाको शव फेला परेको छ । वीरपुरनजिक राजविराज–कुनौली सडक छेउको धान खेतमा सिरहाको लहान नगरपालिकाका ४५ वर्षीय पवनकुमार कर्णको शव फेला परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी निरीक्षक अवधेश यादवकाअनुसार खेतमा बिहान स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीका अनुसार उनी स्थानीय निरज भट्टामा मुन्सीको रुपमा कार्यरत थिए । इट्टाभट्टा बन्द रहेकाले तीन चार जना कामदार मात्र त्यसमा बस्दै आएका छन् । घटनास्थलभन्दा सय मिटर पर उनले काम गर्ने इट्टाभट्टा रहेको छ । घटनास्थलको मुचुल्का गरी शव पोस्टमार्टमको लागि सगरमाथा गजेन्द्रनारायाण हस्पिटलमा लगिएको छ । घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कृषि क्षेत्र नेपाली अर्थतन्त्रको प्रमुख मेरुदण्डः कृषिमन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि क्षेत्र नेपाली अर्थतन्त्रको प्रमुख मेरुदण्ड भएको हुँदा कृषिमा प्रविधिको प्रयोग गरी व्यवसायिकरण गर्न सरकार लागि परेको बताएका छन् । मन्त्री अधिकारीको नेतृत्वमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट वीरगंज आएको टोलीले मंगलबार कृषि औजार कारखानाको स्थलगत अनुगमान तथा निरिक्षण गरेको थियो । अनुगमन पछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै कृषि मन्त्री अधिकारीले लामो समय देखि बन्द रहेको कृषि औजार कारखानालाई पूर्ण क्षमतामा संचालन गर्न सरकार लागि परेको बताए । उनले कारखाना संचालनका लागि आवश्यक पर्ने बजेट, भौतिक संरचना, जनशक्तिका सम्बन्धमा जानकारी लिन आफूहरु वीरगंज आएको बताए । उनले मन्त्रालयमा पुग्नासाथ छलफल गरी कृषि औजार कारखाना संचालनका लागि आवश्यक पर्ने बजेटका सम्बन्धमा सरकारलाई राय पेश गरिने जानकारी दिँदै राष्ट्रिय अविष्कार केन्द्रको समन्वयमा कारखाना संचालनमा आउने बताए । मन्त्री अधिकारीले कुल जनसंख्याको ६० प्रतिशत रोजगारीको अवसर कृषि क्षेत्रले प्रदान गर्ने हुँदा कृषि क्षेत्रको विकासबाट मात्रै राष्ट्रिय अर्थतन्त्रलाई माथि उकास्न सकिने दाबी गरे । उनले देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकाससम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्न मन्त्रालय सधै तत्पर रहेको बताउदै व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दीगो आर्थिक वृद्धि हाँसिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउन सकिने कुरामा जोड दिए । सो अवसरमा राष्ट्रिय अविष्कार केन्द्रका संस्थापक महावीर पुनले कारखानाको स्थलगत अनुगमनका लागि आएका कृषि तथा पशुपन्छी विकासमन्त्री अधिकारी, मन्त्रालयका सचिव डा. दिपक कुमार खराल सहितको टोलीलाई स्वागत गरेका थिए ।
अविष्कार केन्द्रका संस्थापक पुनले कृषि औजार कारखाना संचालनका लागि तत्काल १५÷२० करोड रुपैयाको आवश्यकता रहेको र बजेट भएमा कारखाना संचालन गरी पहिलो चरणमा ३ सय जनालाई रोजगार दिनसकिने समेत दाबी गरे । हाल वीरगंज स्थित कृषि औजार कारखानाले कृषि क्षेत्रमा आवश्यक २० प्रकारका औजार तथा उपकरणहरुको परिक्षण उत्पादन गरिसकेको छ । बजेटको अभाव हुँदा संचालन हुन नसकेको कारखानालाई यथास्थितिमै संचालन गर्न सके पनि भारत र चीनबाट आयात गरिने कृषि औजार मध्ये ५÷६ प्रतिशतमा कमि आउने अविष्कार केन्द्रका पुनले दाबी गरे ।
मन्त्रालयबाट आएको टोलीलाई कारखानाको वर्तमान अवस्थाका बारेमा कारखाना संचालक समितिका संयोजक तथा वीरगंज भन्सार कार्यालयका प्रमुख डिलाराम पन्थीले जानकारी गराएका थिए ।

# उखु किसानको भुक्तानी प्रक्रिया अगाडी बढाउने



कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले बारा, पर्सा, रौतहट, सर्लाहीका उखु किसानहरुको रोकिएको भुक्तानी प्रक्रिया सरकारले छिट्टै अगाडी बढाउने बताएका छन् ।
नेपाली कांग्रेस बाराका सभापति राजेश राय यादवको नेतृत्वमा उखु उत्पादन संघका अध्यक्ष बिरेन्द्र कुशवाहा सहितको टोलीसँग मंगलबार बाराको सिमरामा आयोजित छलफल कार्यक्रममा मन्त्री अधिकारीले आफू पनि किसानको छोरा भएको हुँदा किसानको समस्या समाधानलाई प्राथमिकतामा राखेर अगाडी बढने बताए ।
उनले कृषि क्षेत्रको विकासबाट मात्रै मुलुकले समृद्धि हासिल गर्ने हुँदा सरकार सदवै किसानको पक्षमा रहेको र मल, विउ, कृषि औजार, सिंचाई लगायतका क्षेत्रमा किसानलाई सक्दो सहयोग गर्दै आएको बताए । कांग्रेस नेता एवम् उखु किसानहरुले छलफलको क्रममा सरकारबाट पाउनु पर्ने अनुदान वापतको रकम उपलब्ध नभएको भन्दै मन्त्री अधिकारीसँग तत्काल भुक्तानी प्रक्रिया अगाडी बढाउन माग गरेका थिए ।
छलफल कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रिय सदस्य निरु रायमाझी, निजगढ नगरपालिकाका पूर्व नगर प्रमुख सुरेश अनाल, कांग्रेस नेता कृष्णव्रत सिंह, नेपाली कांग्रेस बारा क्षेत्र नम्बर २ का सभापति रामप्रवेश यादव , क्षेत्र नं ४ का सभापति सुनिल गुप्ता, क्षेत्र नं ३ का पूर्व सभापति मुकेश कुशवाहा, क्षेत्र नं ४ ख का सभापति लोकेश सिंह, नजिर अंसारी, तरुण दलका केन्द्रीय सदस्य आशिष तामाङ्ग, बारा तरुण दलका अध्यक्ष दिपेन्द्र पटेल, छबिलाल शर्मा लगायतको सहभागिता रहेको थियो ।

# बाढीपहिरोमा एकै दिन १३ जनाको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बागलुङ, गुल्मी र रामेछापमा बाढीपहिरोमा परेर मंगलबार मात्रै १३ नागरिकले ज्यान गुमाएका छन् ।
बागलुङ, बडिगाड गाउँपालिका वडा नम्बर ९ र १० मा अविरल वर्षाका कारण आएको पहिरोमा परेर ८ जनाको मृत्यु भएको हो ।
वडा नम्बर १० स्थित दर्लिङको आरुपाटामा ६ जनाको मृत्यु भएको छ भने वडा नम्बर ९ को नयाँ बस्तीमा २ जनाको मृत्यु भएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिए । उनका अनुसार वडा नम्बर १० मा मृत्यु हुनेमा ७ वर्षकी मालती बुढा, सोही उमेरकी मधु बुढा, १२ वर्षका मनोज बुढा, सोही उमेरका अमन बुढा, सञ्जु विककी ६ महिनाकी छोरी र ५९ वर्षकी मैतीदेवी विकको मृत्यु भएको छ ।
संगीता बुढा, सुमित्रा बिक, सीता थापा र मङ्गलसिंह बुढा घाइते भएका छन् । यस्तै वडा नम्बर ९ का १५ वर्षीय विधान परियार र २४ वर्षीय गङ्गा बस्नेतको मृत्यु भएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताए ।
यता, गुल्मीको मुसिकोट नगरपालिका–१ मा पहिरोले घर पुरिँदा चारजनाको मृत्यु भएको छ भने अन्य दुईजना घाइते भएका छन् ।
बिसौनामा विष्णु विकको घर मंगलबार बिहान पहिरोमा पुरिँदा चारजनाको ज्यान गएको हो । ४५ वर्षीय गोरे विक, ६७ वर्षीय हुकुम विक, ६६ वर्षीया मसुरी विक र दुई वर्षीया रियन्सी विकको मृत्यु भएको हो । घाइते भएका दुईजनालाई सकुशल उद्धार गरिएको छ ।
यता, काभ्रेको धुलिखेल नगरपालिका–५ स्थित पुण्यमाता खोलामा आएको बाढीले बगाएर रामेछापको खाँडादेवी गाउँपालिका–३ घर भई पनौती नपा–५ नैकिन्टारकी ५० वर्षीया भगवती भागदासलाई श्रीखण्डपुरस्थित खोलाले बगाउँदा करिब तीन सय मिटर तल शव फेला परेको छ ।

# ‘तीन विधेयक अधिवेशनमा पेस गर्नेगरी तयारी गरौँ’



**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले सदनको यही अधिवेशनमा तीन विधेयक पेस गर्नेगरी अघि बढाउन आग्रह गरेका छन् । प्रतिनिधिसभाअन्तर्गत कानुन, न्याय तथा मानव अधिकार समितिले विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको मंगलबारदेखि प्रारम्भ भएको छलफलमा उहाँले समितिमा विचाराधीन रहेका सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक र विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्को यही अधिवेशनमा पास गर्नेगरी अगाडि बढाउन आग्रह गरे । मन्त्री चौरसियाले कानु◌ुन बनाउने व्यवस्थालाई व्यवस्थित बनाउनका विधायनसम्बन्धी विधेयक ल्याएको र उक्त विधेयक जटिसक्दो चाँडो छलफल गरेर टुङ्ग्याउनुपर्नेमा जोड दिए । समितिको बैठकमा राष्ट्रियसभाबाट आएको विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको छलफलमा सुरु भएको हो । समितिले यही साउन २९ गतेसम्म निरन्तर बैठक बसेर विधेयकमाथिको छलफल अघि बढाउने सहमति गरेको छ । उक्त विधेयकहरूमाथि छलफल गर्न समितिको बैठक बुधबार पुनः ११ बजे बस्नेछ । रासस

# ३४ जिल्लामा रात्रिबस नचलाउन आग्रह

**मधेशदृष्टि**
**वीरगंज ।**
अबको दुई दिन अति भारी वर्षा हुनसक्ने र यसले ५ वटा प्रदेशका विभिन्न जिल्ला उच्च जोखिममा रहने जल तथा मौसम विज्ञान विभागले प्रक्षेपण गरेको छ । राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मंगलबार विशेष सूचना जारी गरेर अति भारी वर्षाका कारण विपद्का घटना हुनसक्ने भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । ३४ जिल्लामा अति भारी वर्षाका कारण विपद्का घटना बढ्न सक्ने भन्दै सचेत रहन सम्बन्धित सबै सरोकारवालालाई विशेष सूचना जारी गरिएको प्राधिकरणले जनाएको छ ।
प्राधिकरणले रातको समयमा यात्रा गर्दा बाटोमा आउन सक्ने बाढी र पहिरोको आँकलन गर्न कठिन हुने भएकोले सम्भावित क्षति रोक्न उच्च जोखिम भएका जिल्लामा रात्रीकालीन बस नचलाउन आग्रह गरेको छ । विभागका अनुसार उच्च जोखिममा रहेका जिल्लामा कोशी प्रदेशमा ताप्लेजुङ्ग, पाँचथर, संखुवासभा, तेह्रथुम रहेका छन् भने बागमती प्रदेशमा रसुवा, चितवन, सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट, दोलखा रहेका छन् । त्यसैगरी गण्डकी प्रदेशमा म्याग्दी, बाग्लुङ्ग, कास्की, पर्वत, स्याङ्जा, तनहुँ, नवलपरासी पूर्व, लमजुङ्ग, गोरखा तथा लुम्बिनी प्रदेशमा कपिलवस्तु, रुपन्देही, पाल्पा, गुल्मी, दाङ्ग, बाँके, बर्दिया, प्युठान, अर्घाखाँची र रुकुम पश्चिम रहेका छन् । त्यस्तै सुदूरपश्चिम प्रदेशमा कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी उच्च जोखिममा रहेका विभागले जनाएको छ । साथै भारी वर्षा र अति भारी वर्षा हुन सक्ने जिल्लामा विपद्को जोखिममा रहेका मानिसलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले समन्वय गरी तत्काल सुरक्षित आश्रयस्थलमा सार्ने व्यवस्था गर्न आग्रह गरेको छ भने जोखिमयुक्त क्षेत्रमा पूर्वतयारी र प्रतिकार्य गर्न विपद् सम्बन्धी काम गर्ने साझेदार संस्थाले जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वयमा रहन जनाएको छ । प्राधिकरणले भारी वर्षा हुने प्रक्षेपण गरिएका जिल्लामा जुनसुकै बेला विपद् आउन सक्ने हुनाले खोज तथा उद्धारको लागि ती जिल्लाका तीन वटै सुरक्षा निकाय तयारी अवस्थामा रहन आग्रह गरेको छ । यस्तै भारी वर्षाको अवधिभरि अत्यन्त जरुरी अवस्थामा बाहेक यात्रा नगर्न, नदी किनार र पहिरोको जोखिममा बसेका बासिन्दालाई चनाखो रहन तथा सुरक्षा निकाय, एम्बुलेन्स लगायतका जरुरी टेलिफोन नम्बर राख्न र आपत परे तुरुन्तै फोन गर्न आग्रह गर्नुका साथै दाउरा निकाल्न तथा माछा मार्न नदी किनारमा नजान आग्रह गरेको छ ।

# छाला उद्योगको दुर्गन्धले बिरामी हुन थालेपछि स्थानीय आन्दोलित

**धरान ।**
सुनसरीको दुहबी नगरपालिका–६ मा सञ्चालित दुईवटा छाला उद्योगबाट निस्कने दुर्गन्धले बिरामी पर्न थालेपछि स्थानीयवासी आन्दोलित बनेका छन् । यहाँ सञ्चालित युनाइटेड टेनराइज र एसियन लेदर उद्योगबाट निस्कने दुर्गन्धले बस्तीबाटै विस्थापित हुनुपर्ने अवस्था आएको भन्दै स्थानीयहरु उद्योगविरुद्ध आन्दोलित बनेका हुन् ।
छाला प्रशोधन तथा भण्डारण उपयुक्त नभएकाले ती उद्योगबाट वरिपरिका बस्तीमा दुर्गन्ध फैलिने गरेको स्थानीय कुन्दन पासवानले बताए ।
उद्योगबाट निस्कने दुर्गन्धले घरमा पाहुना आउन नमान्ने अर्का स्थानीय मोहम्मद सलमानले बताए । प्रदूषण फैलाउने कारखाना बन्द गराउन माग गर्दै आन्दोलित स्थानीयले सम्बन्धित निकायहरुमा उजुरी दिएका छन् ।
दुहबी नगरपालिकाको न्यायिक समितिमा स्थानीयले दिएको उजुरीपछि उपप्रमुख सहितको टोलीले मंगलबार उद्योगको अनुगमन गरेको नगर उपप्रमुख मेनुका पोखरेल खतिवडाले बताए । अनुगमनका क्रममा दुर्गन्धित रूपमा सञ्चालित उद्योग मापदण्ड विपरीत पाइएको उनले जानकारी दिए । उद्योगमा ताला लगाउने अधिकार स्थानीय तहलाई नभएकाले माथिल्लो निकायमा समन्वय गर्ने उनको भनाइ छ । अनुगमनका क्रममा उद्योग सञ्चालकलाई भेट्न नसकिएको र अहिलेसम्म सम्पर्कमा नआएको उनले बताए । उद्योगको कागजपत्र समेत चुस्त दुरुस्त नराखिएको तथा नवीकरण र कर समेत नतिरेकाले सञ्चालकलाई कार्यालयमा आउन निर्देशन दिएको उपप्रमुख खतिवडाले बताए ।
२० वर्षदेखि सञ्चालनमा रहेका ती उद्योग बीचमा बन्द हुँदै फेरि सञ्चालनमा ल्याउने गरेको सुनसरी दुहबी–६ का वडाअध्यक्ष घनश्याम हलुवाईले बताए । विगतमा पनि मापदण्डविपरीत सञ्चालन गरेकाले ती उद्योगलाई जरिवाना गरिएको थियो । रासस

# वुमन्स भलिबलः इरानमा हराउँदै नेपाल फाइनलमा उपाधि भिडन्त भारतसँग

**मधेशदृष्टि**
**वीरगंज ।**
काभा वुमन्स नेसन्स लिगमा नेपाल फाइनल प्रवेश गरेको छ । नेपालले मंगलबार इरानलाई हराउँदै भारतसँगको उपाधि भिडन्त पक्का गरेको हो । नेपाल घरेलु मैदानमा जारी काभा वुमन्स नेसन्स लिग भलिबलको सेमिफाइनलमा नेपालले इरानलाई ३–० को सोझो सेटमा पराजित गरेको हो । नेपालले यो खेल २५–२१, २८–२६ र २५–२० ले जित्यो । नेपालले उपाधिका लागि बुधबार भारतसँग खेल्ने छ । यता, प्रतियोगिताको पहिलो सेमिफाइनलमा भारतले श्रीलङ्कालाई हराउँदै प्रतियोगिताको फाइनलमा पुगेको छ । श्रीलङ्कालाई ३–० को सोझो सेटमा पराजित गर्दै भारत फाइनलमा पुगेको हो । भारतले खेलको पहिलो सेट २५–१५ ले जित्यो भने खेलको दोस्रो सेट २५–१६ ले आफ्नो पक्षमा पा¥यो । त्यस्तै, खेलको तेस्रो तथा अन्तिम सेट भारतले श्रीलङ्कामाथि २५–२३ को जित निकाल्यो । भारतले मंगलबार भएको पहिलो सेमिफाइनलमा श्रीलंकालाई हराएको थियो । नेपाल र भारत यसअघि लिग चरणमा पनि भिडेका थिए जुन खेल घरेलु टोलीले जितेको थियो । अन्तर्राष्ट्रिय महिला भलिबलमा भारतमाथि नेपालले पहिलोपटक जित हात पारेको थियो । अब बुधबार नेपालले भारतमाथि सोही परिणाम दोहोर्याउने रणनीतिमा हुनेछ ।

# बेपत्ता दुई युवकको शव फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौलीमा पर्ने रामभौरीभाठा स्थित दुग्धेश्वरनाथ महादेवको मन्दिरको दर्शन गर्न आएका बेपत्ता भएका दुई युवकको शव फेला परेको छ ।
शव फेला पर्नेहरुमा मकवानपुरको राक्सीराङ गाउँपालिका वडा नम्बर २ का राजकुमार मेघी र मनहरी गाउँपालिका वडा नम्बर ५ का राम बहादुर मोक्तानको शव बरामद भएको हो । उनीहरुको शव पर्सा राष्ट्रिय निकुञ्जको शितलपुर खोला नजिकबाट बरामद भएको हो । बेपत्ता दुई युवकको खोजीका लागि खटिएका उद्धार टोलीले उनीहरुको शव मंगलबार साँझ ५:१५ बजे फेला पारेको रामभौरी भाटा सेन्टरका प्रमुख सुमन ठाकुरले बताए । उनका अनुसार जंगली हात्तीको आक्रमणबाट उनीहरुको मृत्यु भएको हुन सक्ने अनुमान छ । घटनास्थलमा हात्तीको पाइला समेत देखिएको उनले जानकारी दिए । मकवानपुरबाट भाटा बाबाको दर्शन गर्न आएका उनीहरु साउन १९ गतेदेखि बेपत्ता भएका थिए । मन्दिरमा साउनको तेस्रो सोमबार हुने पुजामा दर्शनका लागि मकवानपुरबाट हिडेका ६ जना दर्शनार्थीहरु मध्ये २ जना बेपत्ता भएका थिए । मकवानपुरको पदमपोखरीबाट जंगलको बाटो हुँदै आइतबार साँझ हिडेका ६ जना दशनार्थीको समूहमध्ये २ जना बेपत्ता भएका थिए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन